श्री ५ को सरकार

## पञ्चायत मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको राष्ट्रिय पञ्चायत ननग्याजेटेड सेवा (गठन) नियम, २०२२ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ,

### राष्ट्रिय पञ्चायत ननग्याजेटेड सेवा ( गठन ) नियम २०२२

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "राष्ट्रिय पञ्चायत ननग्याजेटेड सेवा (गठन) नियमहरू, २०२२" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

(क) "सचिवालय" भन्नाले राष्ट्रिय पञ्चायत सचिवालय सम्झनु पर्छ,

(ख) "सेवा" भन्नाले राष्ट्रिय पञ्चायत ननग्याजेटेड सेवा सम्झनु पर्छ,

(ग) "श्रेणी" भन्नाले अनुसूचीमा लेखिएको श्रेणी सम्झनु पर्छ।

३. सेवाको गठनः– (१) यी नियमहरूबमोजिम राष्ट्रिय पञ्चायत ननग्याजेटेड सेवाको गठन गरिनेछ।

(२) उप–नियम (१) बमोजिम सेवाको प्रारम्भिक गठन गर्दा नियम ५ र ६ मा लेखिएबमोजिम श्री ५ को सरकारले कुनै व्यक्तिलाई कुनै पनि श्रेणीमा नियुक्ति गर्न सक्नेछ।

४. समितिको गठनः– सेवाको कुनै श्रेणी वा पदमा नियुक्ति गर्ने काममा श्री ५ को सरकार-लाई सल्लाह दिन निम्नलिखित व्यक्तिहरूको एक राष्ट्रिय पञ्चायत ननग्याजेटेड सेवा सल्लाहकार समिति (यसपछि समिति भनिएको) को गठन हुनेछ :–

| | | |
|---|---|---|
| (क) | लोकसेवा आयोगका अध्यक्ष वा निजले मनोनीत गरेको एक जवान लोकसेवा आयोगका सदस्य | अध्यक्ष |
| (ख) | पञ्चायत मन्त्रालयका सचिव | सदस्य |
| (ग) | राष्ट्रिय पञ्चायत सचिवालयका सचिव | सदस्य तथा सचिव |

५. सेवाको गठनमा छानिन सक्ने व्यक्तिहरूः– यी नियमहरू बमोजिम सेवाको प्रारम्भिक गठन हुनुभन्दा अघिल्लो मितिसम्म सचिवालयको स्थायी पदमा बहाल रहेको वा निजा-मती सेवामा स्थायी पदमा बहाल गरेका व्यक्तिहरू सेवाको प्रारम्भिक गठनमा नियुक्तिको लागि छानिन सक्नेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. सेवामा नियुक्ति:– समितिले सेवामा छानिन सक्ने व्यक्तिको शैक्षिक योग्यता, अनुभव र कामको रेकर्ड हेरी आवश्यक ठानेमा अन्तर्वार्तासमेत गरी कुन व्यक्ति सेवाको कुन श्रेणीमा नियुक्त हुन योग्यछ भन्ने कुराको ठहर गरी श्री ५ को सरकारलाई सिफारिश गर्नेछ । श्री ५ को सरकारले त्यस्तो व्यक्तिलाई नियुक्त गर्न सक्नेछ ।

७. माथिल्लो पदको लागि सिफारिश गर्ने:– यी नियमहरूमा जेसुकै कुरा लेखिएको भए तापनि सेवाको प्रारम्भिक गठनको समयमा समितिले कानूनअनुसार कुनै स्थायी पदमा तोकिएको अवधि भुक्तान गरिसकेका निजामती कर्मचारीलाई मात्र तत्काल नियुक्ति गरिएको पदभन्दा एक तह माथिको पदमा सिफारिश गर्न सक्नेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

नन् ग्याजेटेड

प्रथम श्रेणी

ना. सु.

द्वितीय श्रेणी

खरिदार

तृतीय श्रेणी

मुखिया

चतुर्थ श्रेणी

बहिदार कम टाइपिष्ट

आज्ञाले–
कुलशेखर शर्मा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग

९२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।